# शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको
आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

**शोधपत्र**

शोधकर्ता :

**यज्ञप्रसाद सुवेदी**

त्रि.वि.वि दर्ता नं. : ९-१-२४०-१७२-९७

परीक्षा रोल नं. : २४०००६३/०६६

त्रिभुवन विश्वविद्यालय

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

**श्रावण, २०७०**

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
*(Affiliated to T.U. and HSEB, Nepal)*

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता यज्ञप्रसाद सुवेदीले **"शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका"** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

..................................
उप. प्रा. देनप्रसाद लामिछाने
(शोध निर्देशक)
शिक्षा योजना तथा व्यवस्थापन विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

मिति :२०७०।०४।४ (19th July, 2013)

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
*(Affiliated to T.U. and HSEB, Nepal)*

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी यज्ञप्रसाद सुवेदीद्वारा तयार पारिएको **"शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिको भूमिका"** विषयको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| उप. प्रा. कुवेरनाथ शर्मा | विभागीय प्रमुख | .......................... |
| उप. प्रा. देनप्रसाद लामिछाने | शोध निर्देशक | .......................... |
| प्रा.श्री आनन्दमान सिंह शाक्य | वाह्य परीक्षक | ............................ |

मिति : ..........................

Tel. : 056-520754, 522558, 523021, Fax : 056-523021, E-mail : saptagandaki@yahoo.com, smc.bharatpur@gmail.com

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्य भार पूरा गर्नका लागि “शैक्षिक गुणस्तर वृद्धिमा। विद्यालय व्यवस्थापन समितिको भूमिका” शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र तयारिका क्रममा आफ्नो कार्यव्यस्तताका साथसाथै अमूल्य समय लगानी गरेर आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु उप.प्रा. देनप्रसाद लामिछानेप्रति हृदय देखि नै आभार प्रकट गर्दछु । त्यसै गरी सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु कुवेरनाथ शर्माप्रति आभार व्यक्त गर्दछु । साथै शोधपत्र तयारीका क्रममा आफ्नो अमूल्य सहयोग पु¥याउनु हुने आदरणीय गुरुहरु जयकृष्ण शर्मा, रमाकान्त सापकोटा तथा होमनाथ सापकोटा लगायत सम्पूर्ण सप्तगण्डकी परिवार प्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक तथ्यांक संकलन गर्ने कार्यदेखि लिएर सोधपुछका लागि व्यस्त समय दिएर पूर्ण रुपमा सहयोग गर्नुहुने छनोटमा परेका विद्यालयहरुका प्र.अ., शिक्षकहरु तथा सम्पूर्ण सहभागीहरु प्रति कृतज्ञ छु । साथै यस शोधपत्रलाई कम्प्युटर टाइप तथा ब्यान्डिङ्ग गरी अन्तिम रुप प्रदान गर्नुहुने न्यू सौरभ फोटो स्टुडियो एण्ड कम्युनिकेशन परिवारप्रति कृतज्ञता व्यक्त गर्दछु ।

शोधकर्ता

यज्ञप्रसाद सुवेदी

# शोध सार

विद्यालयमा विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय व्यवस्थापन समिति नै आवश्यक मेरुदण्डका रुपमा रहेका हुन्छन् । विद्यार्थीको शैक्षिक गुणस्तर पनि विद्यालय व्यवस्थापनमा नै निर्भर गर्दछ । अध्ययन अध्यापन कार्यका लागि उपयुक्त वातावरण तयार गर्ने देखि लिएर विद्यालयको सम्पूर्ण व्यवस्थापन गर्ने कार्य विद्यालय व्यवस्थापन समितिमा नै निहित हुने गर्दछ । यस अध्ययनमा शैक्षिक गुणस्तर र विद्यालय व्यवस्थपन समिति नामक शीर्षक अन्तर्गत अध्ययन गर्ने क्रममा विद्यालयको वर्तमान शैक्षिक अवस्था पहिचान गर्नु, शैक्षिक गुणस्तरमा विद्यालय व्यवस्थापन समितिको भूमिका पहिचान गर्नु, शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिमा देखा परेका कमीकमजोरीहरु पहिचान गर्नु जस्ता उद्देश्यहरु राखिएको छ ।

यो अध्ययन मुलतः गुणात्मक ढाँचामा आधारित छ । अनुसन्धान कार्यका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । कुनै पनि शोधकार्य सम्पन्न गर्न पूर्व योजना तथा तयारी बिना लक्ष्यसम्म पुग्न सकिँदैन । अध्ययनलाई उद्देश्य अनुसार पूर्ण रुप प्रदान गर्नका लागि सम्भावनारहित नमुना छनोट विधिका आधारमा गैंडाकोट स्रोतकेन्द्रका २९ वटा विद्यालयहरु मध्ये जनता उ.मा.वि. हर्कपुर, रत्नराज्यलक्ष्मी उ.मा.वि., पितौजी, दुर्गा प्रस्तावित नि.मा.वि. पितौजी, गणेश प्रा.वि. भेडावारीलाई अध्ययन स्थलका रुपमा छनोट गरिएको छ । यसैगरी तथ्यांक संकलनका साधनमा अन्तरवार्ता प्रश्नावली तथा अवलोकन रहेको छ । छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता स्वयंम उपस्थित भएर अन्तरवार्ता प्रश्नावलीको आधारमा छलफल तथा अनुसन्धान गर्नुका साथै आजभन्दा अगाडिका पत्रपत्रिका तथा लेखरचनालाई समेत आधार बनाएर तथ्यांक संकलन गरी  आवश्यकता अनुसार प्रशोधन गरेर प्रयोगमा ल्याइएको छ ।

छनोटमा परेका विद्यालयहरुको शैक्षिक अवस्थाको बारेमा अध्ययन गर्दा शैक्षिक उपलब्धि एकै प्रकारको रहेको पाइयो । विद्यालय व्यवस्थापनका दृष्टिले रत्नराज्य उ.मा.वि. अरु विद्यालयको भन्दा धेरै राम्रो रहेको र त्यहाँको शैक्षिक उपलब्धि पनि तुलनात्मक रुपमा राम्रो रहेको पाइयो । विद्यालयमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि वृद्धिका लागि व्यवस्थापन समितिले शैक्षिक सामग्री र खेलकुदका सामग्री अपर्याप्त भएको भएता पनि जनता उ.मा.वि. र रत्न राज्यलक्ष्मी उ.मा.वि.मा भने पर्याप्त शैक्षिक सागम्रीहरु रहेका छन् । विद्यालयमा विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालय व्यवस्थापन समितिले मात्र चासो देखाएर नहुने त्यसका लागि शिक्षक, अभिभावक र विद्यार्थीहरुले समेत तदरुकताकासाथ लाग्नु पर्ने जस्ता तथ्यहरु अनुसन्धानबाट प्राप्त भएका छन् । विद्यालयमा शैक्षिक गुणस्तकारका लागि विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक व्यवस्थामा सुदृढ गर्नुपर्ने, विद्यालयमा शिक्षक शिक्षिका र कर्मचारीको मनोभावनालाई उच्च राखि गुणस्तरीय शिक्षा विकासमा समर्पित हुनु पर्ने, विद्यालयमा विद्यार्थीको श्रेणीमापन, घटनावृत्ति अभिलेख, सञ्चित अभिलेख आदिमा समेत व्यवस्था मिलाउन सकेमा विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने निष्कर्ष समेत प्राप्त भएको छ ।

# विषय सूची


सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता iii

शोधसार iv

विषय सूची vi

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि 1

१.२ समस्याको कथन 4

१.३ अध्ययनको औचित्य 5

१.४ अध्ययनको उद्देश्य 6

१.५ अनुसन्धानात्मक प्रश्नहरु 7

१.६ अध्ययनका परिसिमाहरु 7

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन 9

२.२ अध्ययनको सैद्धान्तिक खाका 15

२.३ शैक्षिक उपादेयता 16

**परिच्छेद तीनः अध्ययन विधि**

३.१ अनुसन्धानको ढाँचा 18

३.२ जनसंख्या र नमुना छनौट 18

३.३ अध्ययनका साधनको निर्माण 19

३.४ तथ्याङ्कका स्रोतहरू 19

३.५ तथ्याङ्क सङ्कलन विधि 20

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण 20

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१ विद्यालयको वर्तमान शैक्षिक उपलब्धि 21

४.२ शैक्षिक गुणस्तरका लागि विद्यालयव्यवस्थापन समितिको भूमिका 22

४.३ शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय व्यवस्थापन समितिका देखिएका कमीकजमोरीहरु 29

४.४. शैक्षिक गुणस्तर वृद्धिमा वि.व्य.स.मा देखा परेका कमीकमजोरीका निराकरणका उपायहरु 32

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू**

५.१ प्राप्ति 35

५.२ निष्कर्ष 36

५.३ सुझावहरु 37

**सन्दर्भग्रन्थ**

**अनुसूचीहरु**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. १ | भवन संख्या र अवस्था | 30 |
| तालिका नं. २ | विद्यालयको शिक्षक विद्यार्थी अनुपात | 33 |
| तालिका नं. ३ | २०६७ सालमा विद्यार्थी भर्ना संख्या | 37 |
| तालिका नं. ४ | विद्यालयको संगठन | 38 |
| तालिका नं ५ | शैक्षिक उपलब्धि | 47 |

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| उ.रा.शि.आ. | : उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग |
| एम.एड. | : मास्टर्स अफ एजुकेशन |
| गा.वि.स. | : गाउँ विकास समिति |
| जि.शि.का. | : जिल्ला शिक्षा कार्यालय |
| प्र.अ. | : प्रधानाध्यापक |
| मा.वि. | : माध्यमिक विद्यालय |
| रा.शि.आ. | : राष्ट्रिय शिक्षा आयोग |
| वि.व्य.स. | : विद्यालय व्यवस्थापन समिति |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |
| एस.आई.पि. | : स्कूल ईम्प्रुभमेन्ट प्लान |
| एस.एल.सी. | : स्कूल लिभिङ्ग सर्टिफिकेट |